सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Ltd

पत्र संख्या : २०७७/७८ — ९९
चलानी नं. : ६११

मिति २०७७/१०/०७

श्री सम्पूर्ण राफसाफ सदस्यहरु,

बिषय: T+2 कार्यान्वयन सम्बन्धमा ।

धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्योट चक्रलाई दुई (२) कार्य दिन भित्र सम्पन्न गर्ने उद्देश्यले **धितोपत्र कारोबार राफसाफ तथा फछ्र्योट विनियमावली, २०६९** को उपविनियम १३ लाई संशोधन गरि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिका लागि पेश गरिएकोमा मिति २०७७/०९/२४ मा बोर्डबाट स्वीकृति प्राप्त भएको हुँदा यस लि. को सञ्चालक समितिको निर्णयानुसार मिति २०७७/१०/११ गते देखि हुने कारोबारको राफसाफ तथा फछ्र्योट यसै संशोधित विनियमावली अनुसार कारोबार भएको दिन बाहेक २ (दुई) कार्य दिन (T+2) मा हुने व्यवस्था गरिएको जानकारी गराईन्छ ।

संशोधित विनियमावली अनुसार राफसाफ तथा फछ्र्योट गर्नका लागि तहाँ राफसाफ सदस्यहरुले देहाय बमोजिमको व्यवस्था गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

**राफसाफ सदस्यले गर्नुपर्ने:**

१. धितोपत्रको बिक्री कारोबार गर्ने राफसाफ सदस्यले सम्पुर्ण बिक्री कारोबारको पुँजीगत लाभकर गणनाका लागि आवश्यक WACC सम्बन्धि विवरण बिक्रीकर्ता लगानीकर्ताबाट प्राप्त गरि T+2 को बिहान ११:०० बजे भित्र राफसाफ तथा फछ्र्योट प्रणाली (CNS) मा प्रविष्टि गर्ने ।

२. धितोपत्रको बिक्री कारोबार गर्ने राफसाफ सदस्यले सम्पुर्ण बिक्री कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यका लागि आवश्यक धितोपत्र आफ्नो राफसाफ खातामा जम्मा भएको यकिन गरि कुनै बिक्रीकर्ताले निर्धारित समय भित्र आफ्नो राफसाफ खातामा जम्मा नगराएको खण्डमा T+2 को मद्यान्ह १२:०० बजे भित्र सो बिक्रीकर्ताको बिक्री कारोबारको Shortage Mark गरिसक्ने । साथै, राफसाफ सम्पन्न भए पश्चात् बिक्रीकर्ताको खातामा यथाशिघ्र रकम Transfer गर्ने ।

३. धितोपत्रको खरिद कारोबार गर्ने राफसाफ सदस्यले सम्पुर्ण बिक्री तथा खरिद कारोबारको गणना गरि सोको नेटिङ्ग पश्चात् हने रकम तथा अन्य कमिसन बुझाउनुपर्ने देखिएमा T+2 को मद्यान्ह १२:०० बजे भित्र आफ्नो राफसाफ बैंकमा रहेको रापसाफ खातामा जम्मा गरिसक्ने ।

४. धितोपत्रको खरिद कारोबार गर्ने राफसाफ सदस्यले राफसाफ भैसकेको धितोपत्र सम्बन्धित खरिदकर्ताले हितग्राही खातामा T+2 मा राफसाफ तथा फछ्र्यौट सम्पन्न भए पश्चात् यथाशिघ्र राफसाफ तथा फछ्र्यौट प्रणाली (CNS) मार्फत हस्तान्तरण गर्ने ।

भवदीय,

कन्चन सापकोटा
प्रमुख निक्षेप तथा राफसाफ शाखा

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4260386/4216068/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np